नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ, काठमाडौं
गुणस्तर मापदण्ड तथा नियमन शाखा

सम्पर्क:०१-४२५४७५९
वेवसाइट: www.mohp.gov.np


नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

आ.व. : २०७९/८०
च.नं. : ८३८

मिति: २०८०/०२/३१

बिषय: आवश्यक कार्यार्थ सम्बन्धमा।

श्री सरकारी निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरु सबै।

प्रस्तुत बिषयमा नेपालमा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपातमा असमानता देखा पर्न लागेको र विभेदपूर्ण लिंग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८मा समेत विभेदपूर्ण लिङ्ग छनौटको अन्त्य गर्ने कार्यनीति तथा कार्ययोजना रहेको र मुलुकी अपराध संहिता २०७४ को दफा १८८ को उपदफा ७ र ८ मा एवं सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १७ मा समेत गर्भको लिङ्ग पहिचान गर्ने कार्यलाई कानुनत: दण्डनीय अपराध मानेको हुँदा स्वास्थ्य संस्थाहरुमा त्यस्ता गतिबिधि नहुने बातावरण तयार गर्न र निम्न व्यहोराको सुचना स्वास्थ्य संस्था एवम प्रयोगशाला परिसरमा टाँस्ने व्यवस्था गर्नुहुन यस मन्त्रालयको मिति २०८०/२/२८ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ।

<u>सुचनाको व्यहोरा</u>

कसैले गर्भमा रहेको भ्रुणको लिंग पहिचान हुने कुनै कार्य गर्न र गराउन हुँदैन, यदि सो कार्य गरे वा गराएमा ३ महिना देखि १ बर्ष सम्म कैद सजाय हुनेछ। छोरीको जन्म सुनिश्चित गरौं, विभेदपूर्ण लिंग छनौट अन्त्य गरौं।

८०।२।३१

एकदेव खनाल
उपसचिव